# निर्वाचन आयोग, नेपाल

## प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

## राष्ट्रिय संस्थाहरूलाई पर्यवेक्षण अनुमति दिने प्रक्रिया

1. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को पर्यवेक्षणका लागि आयोगले निर्वाचन पर्यवेक्षण व्यवस्थापन प्रणाली (observer.election.gov.np) को निर्माण गरेको छ। उक्त प्रणालीमा रखिएको **निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९** र **निर्वाचन आचार संहिताका** व्यवस्थाहरु अध्ययन गर्नु पर्ने छ।
2. पर्यवेक्षण अनुमतिका लागि निवेदन दिन आयोगबाट Username र Password प्राप्त गर्नुपर्नेछ। तर **स्थानीय तह सदस्य निर्वाचन, २०७९ को पर्यवेक्षण अनुमति प्राप्त गरी** आयोगबाट Username र Password प्राप्त गरेका संस्थाले सोही Login Credential को प्रयोग गरी observer.election.gov.np मा लग इन गरी अनुसूची-२ बमोजिमको निवेदन र निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू पेश गर्नुपर्नेछ।
3. बुँदा नं. २ बमोजिम Login Credential प्राप्त नगरेका संस्थाले Username र Password प्राप्त गर्न संस्थाको आधिकारिक पत्र आयोगको इमेल ठेगाना (observer@election.gov.np) मा पठाउनु पर्नेछ। उक्त पत्रको ढाँचा माथि उल्लिखित प्रणाली बाट Download गर्न सकिनेछ। संस्थाले आयोगमा पेश गरेको उक्त पत्रमा उल्लेख गरिएको आधिकारिक इमेलमा आयोगबाट Username र Password पठाइनेछ। प्राप्त Username र Password प्रयोग गरी observer.election.gov.np मा लग इन गरी अनुसूची-२ बमोजिमको निवेदन र निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू पेश गर्नुपर्नेछ।
4. प्राप्त कागजात अध्ययन गरी आयोगले पर्यवेक्षण अनुमति सम्बन्धी निर्णय गर्नेछ।
5. पर्यवेक्षण अनुमतिको जानकारी सम्बन्धित संस्थाको आधिकारिक इमेलमा पठाइनेछ।
6. यसरी अनुमति प्राप्त गरे पश्चात पर्यवेक्षण संस्थाबाट खटिने प्रत्येक पर्यवेक्षकको विवरण माथि उल्लिखित प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।
7. पर्यवेक्षण संस्थाले विवरण भरेका व्यक्तिहरूमध्ये निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ बमोजिम योग्यता पुगेका व्यक्तिलाई पर्यवेक्षक परिचयपत्र प्रदान गरिनेछ।
8. पर्यवेक्षण अनुमति प्रक्रियाका सम्बन्धमा थप जानकारी आवश्यक परेमा इमेल ठेगाना observer@election.gov.np वा मोबाइल न. 9861518493 मा सम्पर्क गर्न सकिनेछ।